कर्णाली प्रदेश सरकार
भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी विकास निर्देशनालय
**पशु अस्पताल तथा पशु सेवा कार्यालय**
सिमकोट हुम्ला
कर्णाली प्रदेश नेपाल

फो न ०८७– ६८००१०
इमेल – vetsechumla@gmail.com

प.स. २०८२/०८३

च.न.

**विषयः कृषि तथा पशुपन्छी स्रोत केन्द्र स्थापना तथा विकास कार्यक्रम।**

**दोस्रो पटक सूचना प्रकाशित मिति २०८३/०२/१८**

यस कार्यालयको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषि तथा पशुपन्छी स्रोत केन्द्र स्थापना तथा विकास कार्यक्रम अन्तर्गत कृषक फर्म/ समुह/ सहकारी/कम्पनी/ उद्यमी/ व्यावसायीकहरुलाई यो सुचना प्रकाशित भएको मितिले ७ दिन भित्र अर्थात मिति २०८३/०२/२४ गते सम्म यस कार्यालयमा कार्यालय समय भित्र तपसिलका प्रमाण सहित आवेदन दर्ता गर्न हुन यो सूचना आह्वान गरिन्छ ।साथै अन्तिम दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिनको कार्यालय समय भित्र आवेदन पेश गर्नु हुन अनुरोध छ। साथै रित नपुगेका वा म्याद नाघि प्राप्त हुन अएका प्रस्तावना निवेदनहरु छनौटको लागि सामावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ । विस्तृत जानकारिको लागि ०८७-६८००१० वा ९८५८३९१५३७ मा सम्पर्क गर्न हुन व्यहोरा अनुरोध छ।

| क.स. | कार्यक्रमहरु | बजेट रु | सञ्चालन हुने स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | कृषि तथा पशुपन्छी स्रोत केन्द्र स्थापना तथा विकास कार्यक्रम | १३०००००० | जिल्ला भरी | |

<u>आवश्यक कागजातः</u>

क) फर्म/कम्पनी/समुह/सहकारी दर्ता प्रमाण पत्रको प्रतिलिपी

ख) कृषि व्यवसाय गर्ने अनुसुचि ४ अनुसारको प्रस्ताव

ग) कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम (संचालन तथा व्यवस्थापन) कार्यविधि २०८१ को अनुसुचि ४ अनुसारको रु १० को टिकट सहित आवेदन फारम तथा प्रस्तावना

घ) व्यावसायीक कृषि फर्मको हकमा गत आर्थिक बर्ष सम्म कर बुझाएको वा कर छुट भएको भए सम्बन्धित कार्यालयको प्रमाण

ङ) जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाणपत्रको प्रतिलिपी

च) प्रतिवद्धता पत्र

छ) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी.

ज) स्थानिय तहको सिफारिस र स्थानिय तहको पशु सेवा शाखाको सिफारिस

झ) अनुदानग्राहीहरुले आवेदन पेश गर्दा रु ५ लाख सम्म अनुदान माग गर्दा रु १०० र सो भन्दा माथि अनुदान माग गरेमा रु ५०० को बैक भौचर निवेदन साथ पेश गर्नु पर्ने छ।

ञ) अन्य आवश्यक कागजात।

थप जानकारीको लागिः कृषि तथा पशुपन्छी स्रोतकेन्द्रको दर्ता तथा मापदण्ड सम्बन्धी निर्देशिका २०८२ हेर्न सक्नु हुनेछ।

Cpoudel
डा.नविन पौडेल
कार्यालय प्रमुख

(ङ) पशुपन्छी तथा मत्स्य स्रोत केन्द्र (गाई, भैंसी, भेडा, बाख्रा, चौरी, च्याङ्ग्रा, कुखुरा, कालिज, हाँस, माछा)

(१) पशुपंक्षीको न्यूनतम संख्या निर्धारण मापदण्ड:

| क्र.स. | स्रोत केन्द्र विवरण | न्युनतम पशुपन्छी संख्या (एकल वा सामुहिक) | | कैफियत |
|---|---|---|---|---|
| क) | पशुपन्छी | एकजातीय | बहुजातीय | |
| १ | गाई संख्या | २५ | ५० | |
| २ | भैंसी संख्या | २५ | ५० | |
| ३ | बाख्रा संख्या | २०० | ३०० | |
| ४ | च्याङ्ग्रा | २०० | ३०० | |
| ५ | भेडा संख्या | २०० | ३०० | |
| ६ | वंगुर | २५ | ५० | |
| ७ | ह्याचरी माछा | १०००० | २०००० | |
| ८ | ह्याचरी प्यारेन्ट संख्या (स्थानीय कुखुरा, कालिज, हाँस) | ५०० | १००० | |
| ९ | ह्याचरी प्यारेन्ट संख्या (लेर्यस, गिरीराज) | ३००० | ५००० | |
| १० | चौरी | ५० | १०० | |

(२) पशुपंक्षीको श्रोतकेन्द्र सम्बन्धी अन्य मापदण्ड

(क) पशुपन्छीको कुल संख्यालाई प्रति पशुपन्छीको लागि आवश्यक पर्ने क्षेत्रफलले गुणा गरि आउने जम्मा क्षेत्रफल स्रोत केन्द्रको न्यूनतम क्षेत्रफल हुनेछ। आफ्नै जग्गा नभई करारमा लिई स्रोत केन्द्र स्थापना गर्न चाहेमा कम्तीमा पनि दश वर्षको करार सम्झौता गरिएको हुनुपर्ने,

(ख) न्युनतम पूर्वाधारहरु (उमेर, जात, लिङ्ग, क्वारेन्टाइन, स्वास्थ्य अनुरुप फरक फरक गोठ व्यवस्थापन, दानापानी व्यवस्थापन, चरन व्यवस्थापन, मलमूत्र व्यवस्थापन, जैविक सुरक्षाको व्यवस्थापन, औषधी उपाचारको व्यवस्थापन) भएको हुनु पर्नेछ,

(ग) स्रोत केन्द्रमा अनिवार्यरुपमा एक जना दक्ष प्राविधिक वा संचालक स्वयमले प्राविधिक तालिम लिएको हुनुपर्ने छ,

(घ) स्रोतकेन्द्रले आफ्नो स्तरोन्नतिका लागि अनुसन्धानमुलक कार्यहरु गर्न सक्नेछ,

(ङ) स्रोत केन्द्रले पशुपन्छीको रेकर्ड व्यवस्थापन र Pedigree sheet अनिवार्य बनाउनु पर्नेछ,

(च) स्रोत केन्द्रले पशुपन्छीहरुको अनिवार्य रुपमा वार्षिक खोप तालिका अनुरुप खोप लगाउनु पर्ने,

(छ) स्रोत केन्द्रले असल कृषि तथा पशुपालन अभ्यास कार्यान्वयन गर्नु पर्नेछ,

(ज) गाई, भैंसी र बाख्राको हकमा गुणस्तरीय वीर्य संकलन साथै कृत्रिम गर्भाधान समेतलाई प्राथमिकता दिनु पर्नेछ।

(झ) स्रोतकेन्द्रले कृषकलाई प्राविधिक सेवा, तालिम तथा प्रविधि प्रदान गर्न सक्नेछ।

Npoudel
डा.नविन पौडेल
कार्यालय प्रमुख

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी विकास निर्देशनालय

# पशु अस्पताल तथा पशु सेवा कार्यालय

हुम्ला
नेपाल

प.सं.: ०८२/०८३
च.नं.: १२१ ·

मिति: २०८३/०२/१८

विषयः सूचना टाँसगरी जानकारी पठाउने सम्बन्धमा ।

श्री स्थानीय तह सबै
हुम्ला ।

प्रस्तुत विषयमा यस कार्यालयको वार्षिक स्वीकृत कार्यक्रम कृषि तथा पशुपन्छी स्रोत केन्द्र तथा विकास कार्यक्रमको सूचना पाना थान २ यसै पत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ । तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरी सोको जानकारी पठाई दिनु हुन समेत अनुरोध छ ।

............................................
डा. नविन पौडेल
कार्यालय प्रमुख

डा. नविन पौडेल
कार्यालय प्रमुख